# सिक्किम हेरल्ड

सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

Postal Regd. No: WB/SKM/01/13

वर्ष ५४ | गान्तोक, (शुक्रबार) ०९ अप्रेल, २०२१ | अङ्क १२


## राज्यपालसित आईपीएस परिवीक्षार्थीहरूको भेट



गान्तोक।

७२ स्थायी नियुक्त (आरआर) अनि तीनजना मौरित्सस पुलिस बलका अठारजनाको युवा भारतीय पुलिस सेवा (आईपीएस) परिवीक्षार्थीको टोलीले ६ अप्रेलको दिन राज भवनमा राज्यपाल गंगा प्रसादसित भेट गर्‍यो। यो टोली हिमाली राज्यमा अध्ययन तथा सांस्कृतिक भ्रमणको निम्ति सिक्किम आएको छ। यस अवसरमा राज्यपालले टोलीका सदस्यहरूसित अन्तरक्रिया गर्नुहुँदै युवा परिवीक्षार्थीहरूसित आफ्नो स्वअध्ययनलाई निरन्तर राख्न अनि मानिसहरूको सेवाका निम्ति आन्तरिक इच्छा लगाउनका साथै आफूले प्राप्त गरेको आभारको सम्मान गर्ने आग्रह गर्नुभयो। उहाँले सबैसित आ-आफ्नो काडर राज्यमा जोश र उच्च भक्तिका साथ काम गर्ने आग्रह गर्नुभयो।

आईपीएस परिवीक्षार्थीबाट रत्न सिंह र अमृत कुमार अनि मौरित्सस पुलिस बलबाट मोहमद इम्माम्बोकसले सिक्किम भ्रमणमा रहँदाको आफ्नो विचार तथा अनुभव राज्यपालसित साझा गर्नुभयो। इम्मामबोकसले जैविक कृषि, स्वर्थता तथा राज्यको पर्यावरणीय पहलको निम्ति सिक्किमको प्रशंसा गर्नुभयो। युवा अधिकारीहरूको सफल भविष्यको राज्यपालले कामना पनि गर्नुभयो।

## मुख्यमन्त्रीद्वारा दिल्लीमा केन्द्रिय मन्त्रीसित भेट

नयाँ दिल्ली।

मुख्यमन्त्री प्रेमसिंह तामाङले ७ अप्रेलका दिन नयाँ दिल्लीमा सड्क परिवहन तथा राजमार्ग केन्द्रिय मन्त्री नितीन गड्करीसित भेट गर्नुभयो। केन्द्रिय मन्त्रीसितको भेट अवधिमा मुख्यमन्त्रीले राज्यमा सड्क परिवहन सम्पर्कसित सम्बन्धित विभिन्न मुद्दाका साथै सिक्किम र पश्चिम बङ्गालबीच वैकल्पिक राष्ट्रिय राजमार्गको मुद्दामाथि पनि चर्चा गर्नुभयो। उहाँले सिक्किमको सीमानामा रहेको पश्चिम बङ्गाल राज्यको रम्फूबाट मनसोङ, १७ माइल कालेबुङ, १२ माइल अल्पार्ट भिल्ला, रेली, खानी, सिन्जी, सामालबोङ, सामथार अनि पम्पु हुँदै काली झोड़ामा जोड़ीने राष्ट्रिय राजमार्ग निर्माणको केन्द्रिय मन्त्रीसमक्ष प्रस्ताव राख्नुभयो।

मुख्यमन्त्री तामाङले सिक्किमतर्फको मल्लीदेखि सिङतामबीच वैकल्पिक राष्ट्रिय राजमार्गको पनि अनुरोध गर्नुभयो, जसका लागि अघावै मन्त्रालयसमक्ष प्रस्ताव राखिसकिएको छ। उहाँले इन्दिरा बाइपास, मानपुर-नयाँ बजार-लेग्सेप सड्क, गान्तोक-टाशी भ्यू पोइन्ट अनि रम्फू-पाचक-मामजे-टिक्लिङ हुँदै पाकिम विमानास्थलको सड्क मार्गलाई राष्ट्रिय राजमार्गको रूपमा सुधार गर्न आवश्यक रहने कुरामाथि पनि यस भेट अवधिमा प्रकाश पार्नुभयो। यसबाहेक मुख्यमन्त्रीले केन्द्रिय मन्त्री गड्करीसितको भेटको समयमा नयाँ बजार-दरामदिन-सोरेङ-कलुक-देन्ताम-उत्तरे हुँदै चिवाभञ्ज्याङलाई जोड्ने १३४ किलोमिटर सड्क मार्गको सुधारका साथै राष्ट्रिय राजमार्गको रूपमा घोषणाको सम्बन्धमा पनि प्रकाश पार्नुभयो। राज्यको



पश्चिमी भागमा रहेको चिवाभञ्ज्याङमा पुगेको यस सम्पर्कले छिमेकी राष्ट्र नेपाललाई छुने भएको कारण यो पर्यटन अनि व्यापारको उद्देश्यका लागि महत्त्वपूर्ण मार्ग सावित हुनेछ।

यसबाहेक, वर्ष २०१०-देखि निर्माणाधिन अवस्थामा रहेको रानीपुलबाट साजोङ (रूमतेक) हुँदै गान्तोक पुग्ने बाइपास सड्क मार्गको ठेका मिडवे टर्मिनेसनको कारण अहिले बन्द रहेको छ। अप्पर बुर्तुकलाई जोड्ने यो एउटा अत्यन्त महत्त्वपूर्ण बाईपास मार्ग हो, जुन वर्तमान राष्ट्रिय राजमार्गमा यातायातको भीड़ कम गर्न अनि नाथुला पास (भारत-चीन सीमा)-सम्म सहज पहुँचको मार्ग प्रशस्त हुनेछ। मुख्यमन्त्रीले सन्तुलित कार्य पूरा गर्नका लागि अनुरोध गर्नुभयो, जसका लागि सिक्किम सरकारले प्रस्ताव बुझाइसकेको छ।

केन्द्रिय मन्त्रीले सबै प्रस्तावमाथि ध्यान दिनका साथै मुख्यमन्त्रीद्वारा उठान गरिएका विषयमाथि पहल गर्न अधिकारीगणलाई निर्देश दिनुभएको छ।

यसैगरी मुख्यमन्त्री प्रेमसिंह तामाङले ७ अप्रेलको दिन नयाँ दिल्लीमा भारत सरकारका विद्युत, नयाँ तथा नवीकरणीय ऊर्जा केन्द्रिय राज्य मन्त्री (स्वतन्त्र प्रभार) आरके सिंहसित भेट गर्नुभयो। मुख्यमन्त्रीले सिक्किमलाई राज्यभित्र अनि राज्य बाहिरका उपभोक्ताहरूलाई हरित ऊर्जाको माध्यमबाट विकसित अनि कुशल बिजुली प्रदाता बनाउने उद्देश्यका साथ केन्द्रिय राज्य मन्त्रीलाई एउटा ज्ञापन

रहल पृष्ठ २ मा...

## मन्त्री लामाद्वारा जोरथाङस्थित विभागीय स्टोरको भ्रमण



जोरथाङ।

७ अप्रेलको दिन ग्रामीण विकास विभाग मन्त्री श्री सोनाम लेप्चाले दक्षिण जिल्लाको जोरथाङमा रहेको विभागीय स्टोरको भ्रमण गर्नुभयो। मन्त्री लामाले स्टोरको जायजा लिनुहुँदै त्यहाँ उपस्थित अधिकारी र कर्मचारीसँग अन्तक्रिया गर्नुभयो। स्टोरबाट विभागले पुऱ्याएको सेवाको विवरण पनि उहाँले यस अवधिमा लिनुभयो। यस अवधिमा सामग्री लिन आएका स्थानीय मानिससँग पनि अन्तरक्रिया गर्नुहुँदै मन्त्री लामाले आगामी दिनमा स्टोरमा अझ गुणस्तरीय सामग्री उपलब्ध गराइने पनि आश्वासन दिनुभयो।

## सिक्किमले प्राप्त गर्‍यो तीनवटा उच्च सुविधायुक्त एम्बुलेन्स



नयाँ दिल्ली।

केन्द्रिय सड्क परिवहन तथा राजमार्ग मन्त्री नितीन गड्करीले सिक्किम राज्यलाई तीनवटा आधारभूत हेरचाह एम्बुलेन्स प्रदान गर्नुभएको छ। एनएचआईडीसीएल-द्वारा आधारभूत हेरचाह उपकरण, औषधिले युक्त एम्बुलेन्सको खरिद गरेको हो। यस एम्बुलेन्सबाट सड्क दुर्घटनामा परेका पीढ़ीतलाई सेवा उपलब्ध गरिनका साथै सड्क दुर्घटनामा तत्काल प्रतिक्रिया उपकरणको रूपमा काम लाग्नेछ।

सिक्किम सरकारको तर्फबाट विशेष आवाश आयुक्त मोनालिसा दासले यी एम्बुलेन्सको चावी ग्रहण गर्नुभयो, जुन नयाँ दिल्लीमा ७ अप्रेलको दिन सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङलाई हस्तान्तरण गरियो।

# मौरी पालनमाथि प्रशिक्षण सम्पन्न



**मङ्गन।**

जनजाति उत्पाद अनि उत्पादन योजनाको विकास तथा बजार व्यवस्थापनका लागि संस्थागत सहयोगअन्तर्गतका लाभार्थीहरूका निम्ति मौरी पालन उपकरण वितरण तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो। सामाजिक न्याय एवं कल्याण विभागद्वारा उत्तर जिल्लाका दुईवटा ग्राम पञ्चायत एकाईका निम्ति फुदोङ ग्राम प्रशासनिक केन्द्रमा आयोजित प्रशिक्षण कार्यक्रममा ६७ जना लाभार्थीले सहभागिता जनाएका थिए।

यो कार्यक्रम कबी र फेनसोङ त्रझ्घ-का निम्ति लिङचोम सामुदायिक केन्द्रमा १५ मार्चदेखि शुरू भएको थियो। कार्यक्रमको उद्देश्य स्थानीय लाभार्थीहरूलाई मौरी पालनको क्षेत्रमा सुविधा उपलब्ध गर्नु, प्रोत्साहित गर्नु अनि बजारमा जनजाति उत्पादको विकासका लागि सहयोग पुऱ्याउनु रहेको थियो।

मौरीको जीवन चक्र, मौरीमा लाग्ने रोग र किराको प्रबन्धन, मह नाकाल्ने तरिका तथा मौरीको उत्पाद जस्ता कुरालाई समेट्दै आफ्नो आयस्रोतमा वृद्धि गर्नका निम्ति आधुनिक मौरीपालनको तरिकाबारे प्रतिभागीहरूलाई अवगत गराइयो।

# सिक्किमका सीमानामा दुई दिन मदिरा दोकान बन्द

**गान्तोक।**

पश्चिम बङ्गालमा पाँचौं चरणका निम्ति विशेषगरी दार्जीलिङ अनि कालेबुङ जिल्लामा आगामी १७ अप्रेलका दिन सम्पन्न हुने विधानसभा चुनावलाई मध्यनजर गरेर सिक्किमका सीमाना बाजारका मदिरा दोकानहरु तीन दिन बन्द गर्ने निर्णय लिइएको छ। उक्त दिन पहाड़का दुई जिल्लाका साथै नादिया, वर्दमान र जलपाइगढ़ी जिल्लाका ४५ सिटको निम्ति चुनाव हुन गइरहेको छ। पश्चिम बङ्गालका दुई जिल्लासित जोड़िएको सिक्किमका सीमानामा सुरक्षाको दृष्टीले मदिरा दोकानहरु बन्द गर्ने सूचना जारी गरिएको हो।

सिक्किम राज्य आबकारी विभागद्वारा जारी सुचनाअनुसार यसै महिनाको १५ तारिक बिहान ६-देखि १७ तारिकको बेलुकी ६ बजीसम्म तीन दिनको लागि पूर्व जिल्लाका रम्फू र रेशी, दक्षिण जिल्लाका मल्ली, माझिटार र जोरथाङ तथा पश्चिम जिल्लाका नयाँ बाजार, सोमबारे र दरामदिनका मदिरा पसलहरु बन्द रहनेछन्। बन्द अवधिमा मदिरा पसल बाहेक होटल, रेस्टुरेन्ट, क्लब तथा अन्य कुनै पनि प्रतिष्ठानमा मदिरा खुल्ला या बन्द बोतलमा विक्री अथवा प्रयोगमा प्रतिबन्ध लगाइएको छ। सूचनाको उल्लङ्घन गरेको भेटिएको खण्डमा सिक्किम आबकारी कानून १९९२-अन्तर्गत कानूनी कार्यवाही गरिने जारी सूचनामा स्पष्ट रूपमा उल्लेख गरिएको छ।

# युवा संसद सम्पन्न

**नामथाङ।**

नामथाङ खण्ड प्रशासनिक केन्द्र, दक्षिण सिक्किमको निज रामेङमा छिमेकी युवा संसद सम्पन्न भयो। भारत सरकारको खेलकुद तथा युवा मामिला मन्त्रालयअन्तर्गत नेहरू युवा केन्द्र, नाम्चीद्वारा आयोजित कार्यक्रममा रामेङ निज ग्राम पञ्चायत एकाईकी पञ्चायत सभापति डोल्मा तामाङ, तिङले वार्डकी पञ्चायत जसमाया गुरूङ, निज रामेङ वार्ड पञ्चायत विनोद मुखिया आदिको विशेष उपस्थिति थियो। कार्यक्रमका अतिथि वक्ताको रूपमा खानी तथा भू-विज्ञान विभागका सहसचिव एबी गुरूङ, भारत उत्कृष्टता पुरस्कारले सम्मानित सोमबहादुर राई तथा नाम्ची, दक्षिण सिक्किमको नेहरू युवा केन्द्रअन्तर्गत नामथाङ खण्डका राष्ट्रिय युवा स्वयंसेवी सुस्मा सुब्बा र सुस्मिता तामाङ रहेका थिए। कार्यक्रमको विषयमाथि यस परिसरका आठजना युवाहरूले आ-आफ्नो विचार राखे।

# चिया खेतीबाट लाभ प्राप्त हुँदै

**पाकिम।**

पूर्व जिल्लाको पाकिम महकुमाअन्तर्गत लाप्थाङ कादम्बरी स्वंय सहायता समूहले २०१६ सालमा तीन ऐकर जमीनमा शुरू गरिएको चिया खेतीको लाभ उठाउन थालेका छन्। यस समूहमा नौंजना महिला सदस्यहरू सामेल छन्। कादम्बरी स्वंय सहायता समूहका अध्यक्ष बीजू पोखरेलले भन्नुभएको छ, शुद्ध जैविक चियालाई एफएसएसएआई नब्बर जारी गरिएको छ र राज्यको कृषि विभाग अधिन कृषि प्रौद्योगिकी प्रबन्धन एजेन्सीले यस उत्पादको बढ़ावा दिइरहेछ।

राज्य सरकारको योजनामार्फत तीनसुकिया आसामबाट विरूवा ल्याइएको थियो। समूहका सदस्यहरूलाई तिमी चिया बगानद्वारा प्रशिक्षण दिइयो। कादम्बरी स्वंय सहायता समूहका सदस्यहरूले उनीहरूको निजी जमीनमा चियाका नौं हजार विरूवाहरु रोपे।

# राङ्का युनाइटेड धनुकाँड़ प्रतियोगिताको विजयी

**पाकिम।**

पूर्व सिक्किमको पाचेमा पाकिम महकुमा समितिद्वारा आयोजित पाचे पाकिम अन्तर ग्राम स्तरीय आर्चरी प्रतियोगिताको समापन सम्पन्न भयो। फाइनल खेलको अवसरमा सूचना प्रौद्योगीकी (आईटी) विभागका सल्लाहकार तेज्जिङ नर्बु लाम्था मुख्य अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो भने सिक्किम खाद्य एवं नागरिक आपूर्ति विभागका सल्लाहकार इचुङ भोटिया विशिष्ट अतिथि लगायत अन्यको विशेष उपस्थिति रहेको थियो।

कार्यक्रमका मुख्य अतिथि लामठाले यस प्रकारको पारम्परिक प्रतियोगिता आयोजन गरेकोमा आयोजक समितिप्रति कृतज्ञता व्यक्त गर्दै समुदायमा यस प्रकारको कुराको संरक्षण गरिनुपर्ने विषयमाथि जोड़ दिनुभयो।

फाइनल खेल पेम्पो सेभेन लिङ्के अनि राङ्का युनाइटेड माझ सम्पन्न भयो। राङ्का युनाइटेड बाहीसको विरूद्ध अन्ठाउन अङ्क प्राप्त गरेर विजयी बन्यो। राज्यभरिका कुल अड्तीसवटा दलले सहभागिता जनाएको प्रतियोगिताका विजयी दललाई सत्तरी हजार रूपियाँ अनि उपविजयी दललाई पच्चास हजार रूपियाँसहित आकर्षक ट्रफी प्रदान गरियो। मुख्य अतिथिद्वारा विजेता अनि उपविजेतासहित सम्बन्धित टोलीलाई नगद पुरस्कार हस्तान्तरण गरियो।

# कोभिड १९ उचित व्यवहारका लागि अभियानको शुभारम्भ

**नयाँ दिल्ली।**

कोभिड १९ उचित व्यवहारका लागि ६ अप्रेलका दिन विशेष अभियानको शुभारम्भ भयो। यस अभियानमा सय प्रतिशत मास्कको प्रयोग, व्यक्तिगत स्वच्छता अनि सार्वजनिक स्थान र कार्य क्षेत्रको सरसफाई साथै स्वास्थ्य सुविधामाथि जोड़ दिइनेछ। विशेष अभियान यस महिनाको चौध तारिकसम्म चल्नेछ।

४ अप्रेलको दिन बसेको उच्च स्तरीय सभामा प्रधानमन्त्री नरेन्द्र मोदीले जोड दिँदै भन्नुभएको थियो कि दिगो कोभिड १९ प्रबन्धनका लागि सामुदायिक सचेतना अनि यसको भागिदारी अत्यन्त आवश्यक छ। सभामा दिइएको प्रस्तुतीकरणमा देशमा बढ़्दो कोभिड १९-को मामिला तथा मृत्यु दर दर्दनाक रहेको कुरामाथि प्रकाश पारियो।

कोभिडका मामिलामा द्रुतगतिमा भइरहेको वृद्धिका केही मुख्य कारणहरूमा कोभिड उचित व्यवहार जस्तै मुखमा मास्कको प्रयोग अनि दुई गजको दुरीको पालनमा देखिएको गिरावटलाई मान्न सकिन्छ।

## मुख्यमन्त्रीको नयाँ दिल्लीमा.....

चढ़ाउनुभयो। उहाँले जल विद्युत खरिद दायित्व पूरा गर्न अन्य राज्यका विद्युत खरिदकर्ताहरूद्वारा विचारका लागि पनि अनुरोध गर्दै टिस्टा चरण-तीन जलविद्युत परियोजनासहित राज्य स्वतन्त्र विद्युत उत्पादक (आईपीपी) परियोजनाबाट विजुलीको निःशुल्क हिस्सेदारीको निकासिका लागि निकासी प्रणालीमाथि पनि चर्चा गर्नुभयो। सभामा प्रिपेट स्मार्ट मिटर प्रणालीको प्रावधानमाथि पनि चर्चा गरियो, जसका लागि मुख्यमन्त्रीले यो प्रणाली जड़ान गर्ने प्रक्रिया पूरा गर्न राज्यलाई ९० प्रतिशत अनुदानको पनि अनुरोध गर्नुभएको छ।

सौर्य नवीकरणीय खरीद दायित्वको सम्बन्धमा मुख्यमन्त्री तामाङले पूर्व सिक्किमको पाकिममा एक मेगावाटको जड़ानका लागि खाली जमीनको प्रस्ताव राख्दै केन्द्रिय राज्य मन्त्रीसित भारत सरकारबाट विशेष सहयोग उपलब्ध गर्ने अनुरोध गर्नुभयो। उहाँले पावर खरिद सम्झौता (पीपीए) रद्ध गर्न अनि सबै थर्मल पावर वापस लिने पनि अनुरोध गर्नुभयो, जसबाट अधिक ऊर्जा उत्पाद गरिरहँदा पनि राज्यलाई लाभ हुन सकेको छैन।

यस अवसरमा मुख्यमन्त्रीको साथमा सिक्किम सरकारका ऊर्जा तथा विद्युत विभाग मन्त्री एमएन शेर्पालगायत विद्युत, नयाँ तथा नवीकरणीय ऊर्जा मन्त्रालय, भारत सरकारका वरिष्ठ अधिकारीहरूको उपस्थिति रहेको थियो। केन्द्रिय राज्य मन्त्रीले भेट अवधिमा राखिएका सबै बुँदाहरूमाथि जतिसक्तो छिटो विचार गर्ने सकारात्मक आश्वासन दिनुभएको छ।

रक्तदान नै जीवन दान हो।

# टीकाकरण अभियान वृहत माइलखुट्टी बन्दै

**नयाँ दिल्ली।**

कोभिड १९ टीकाकरण अभियानले देशमा वृहत माइलखुट्टी पार गरेको छ। स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयअनुसार अहिलेसम्ममा आठ करोड़ भन्दा अधिक मानिसहरूलाई कोभिड १९ खोप लगाइसकिएको छ।

छुट्टै रूपमा, भारतीय चिकित्सा संगठनले केन्द्रसित अठार वर्षको उमेरदेखि माथिको आयु वर्गका सबै मानिसहरूको निम्ति टीकाकरण खुल्ला गरिदिने अनुरोध गरेको छ। प्रधानमन्त्रीलाई ६ अप्रेलको दिन लेखिएको पत्रमा संगठनले अपील गर्दै भनेको छ, सरकारले सार्वजनिक स्थान तथा व्यापक भेलामा प्रवेशका निम्ति टीकाकरण प्रमाणपत्र अनिवार्य गर्नुपर्नेछ।

निरन्तर बढ़िरहेको कोभिड़का नयाँ मामिलामाथि प्रकाश पार्दै संगठनले सरकारको अत्याधिक प्रयासपछि पनि दोस्रो लहरमा बढ़्दो नयाँ मामिलाको खतरालाई अतिनै दर्दनाक बताएको छ। संगठनले भनेको छ, मामिलालाई नियन्त्रणमा ल्याउनका निम्ति कोभिड विरूद्ध टीकाकरण एउटै प्रमाण आधारित संसाधन भएको कारण मानिसहरूको प्रतिरक्षाका निम्ति टीकाकरण अभियानलाई व्यापक रूपमा बढ़ाइनुपर्नेछ।

# बीबीबीपी-माथि कार्यक्रम सम्पन्न

**गान्तोक।**

पूर्व सिक्किमको राकदोङ-तिनतेक खण्ड प्रशासनिक केन्द्रमा ६ अप्रेलका दिन बेटी बचाओ बेटी पढ़ाओ (बीबीबीपी)-माथि एक कार्यक्रम आयोजन गरियो।

तिनतेकका खण्ड विकास अधिकारी छिरिङ नोर्गेल थिङको विशेष उपस्थितिमा सम्पन्न समारोहमा विभिन्न विद्यालयका विद्यार्थीहरूले सहभागिता जनाएका थिए। कार्यक्रममा चित्रकला, निबन्ध, तर्क आदिजस्ता प्रतियोगिता सम्पन्न भए।

# बालबालिका र मास्कको प्रयोगको बारेमा जान्नुपर्ने सबै कुरा, परिवारहरूको लागि व्यवहारिक सल्लाह



पछिल्ला प्रमाणहरूले बालबालिका कोभिड १९ बाट संक्रमित हुन सक्छन् र एकअर्का तथा वयस्कहरूलाई पनि संक्रमित गर्न सक्दछन् भनेर देखाउँदछ । यद्यपि, उनीहरू संक्रमणबाट गम्भीर रुपमा बिरामी पर्ने जोखिम कम छ र साना बालबालिकाले ठूलाहरूलाई भाइरस सार्ने सम्भावना कम हुन्छ ।

बालबालिकालाई कोभिड १९ को कुनै लक्षण नभएको अवस्थामा पनि सार्वजनिक स्थलमा रहँदा अनुहारमा मास्क लगाएर उनीहरूले कोभिड १९ सार्नबाट रोक्न मद्दत गर्न सक्छन् र आफ्नो परिवार, आफ्नो समुदायसँगै आफ्नो सुरक्षा गर्न सक्दछन् । हामीले बालबालिकालाई उनीहरूले दैनिक जीवनमा मास्क कसरी लगाउनुपर्दछ भनेर मुख्य सुझावहरू प्राप्त गर्न युनिसेफका स्वास्थ्य विशेषज्ञ श्रीहरि दत्तसँग कुरा गरेका थियौं ।

**मास्कले कसरी काम गर्दछ?**

कोभिड १९ मानिसहरूले कुरा गर्दा, गाउँदा, खाँदा वा खोक्दा बन्ने श्वासप्रश्वासका थोप्लाहरू मार्फत फैलिन्छ । व्यक्तिहरूको शरीरभित्र कुनै पनि लक्षणविना पनि भाइरस रहेको हुन सक्दछ । यसको मतलब तपाई र तपाईंका बालबालिकाले रोग सार्न सक्नुहुन्छ र तपाईंहरुलाई यो थाहा नहुन पनि सक्दछ । मास्कले कोभिड १९ का छिटाहरु फैलिन नदिइ अन्य व्यक्तिमा सर्नबाट रोक्ने काम गर्दछ । मास्कले लगाउने व्यक्तिलाई सासको थोपाहरू लिन र संक्रमित हुनबाट पनि जोगाउन सक्दछ ।

**बालबालिकाले कहिले मास्क लगाउनुपर्दछ?**

तपाईंको बालबालिकाले मास्क लगाउनु पर्छ कि पर्दैन भन्ने कुरा धेरै कुराहरूमा निर्भर हुन्छ । उनीहरूको उमेर, सुरक्षित रूपमा मास्क प्रयोग गर्ने क्षमता र उनीहरू बिरामी भएका कोहीसँगको भौतिक सम्पर्कमा छन् की छैनन् भन्ने कुरा प्रमुख हुन्छन् । दक्षिण एसियाभरि, केहि सरकारहरूले सार्वजनिक र उमेरमा आधारमा मास्क प्रयोगका थप आवश्यकताहरू निर्धारण गरेका छन् । तपाईंको स्थानीय निकायहरुको निर्देशहरुको बारेमा जानकारी लिनुहोस्।

**विश्व स्वास्थ्य संगठन र युनिसेफको यस्तो सल्लाह छः**

५ वर्ष र सोभन्दा कम उमेरका बालबालिका

सामान्यतया, ५ वर्ष र सोभन्दा कम उमेरका बालबालिकाले मास्क लगाउनु पर्दैन । यो सल्लाह साना बालबालिकाको सुरक्षा र समग्र हितमा आधारित छ ।केहि देशहरूले धेरै साना बालबालिकाको लागि मास्क प्रयोगको बारेमा थप स्थानीय मार्गदर्शनहरु जारी गरेका छन् । उदाहरणको लागि, यदि बालबालिका कोही बिरामी भएकाहरुसँग भौतिक रूपबाट नजिक छन् भने । यदि तपाईंको ५ वर्ष भन्दा कम उमेरका बालबालिकालाई मास्क लगाउनु आवश्यक छ भने, उनीहरु सधैं तपाईंले सुपरिवेक्षण गर्न सक्ने गरि प्रत्यक्ष निगरानीमा भएको सुनिश्चित गर्नुहोस् ।

**६ देखि ११ वर्षका बालबालिका**

६ देखि ११ वर्षका बालबालिकाले मास्क लगाउनु पर्छ कि पर्दैन भनेर निम्न आधारहरु मार्फत निर्णय गर्नुपर्दछः

-कोभिड १९ तपाईंको क्षेत्रमा व्यापक रुपमा फैलिएको छ की छैन ।

- तपाईंको बालबालिकाले सुरक्षित र उपयुक्त रुपमा मास्क प्रयोग गर्न सक्दछन् की सक्दैनन् ।

- तपाईंको मास्कमा पहुँच छ की छैन र तिनीहरूलाई धुन र प्रतिस्थापन गर्न सक्नुहुन्छ की सक्नुहुन्न ।

- बालबालिकाले मास्क लगाइरहेको वयस्कले सुपरिवेक्षण गर्न सक्दछन भने ।

- तपाईंका बालबालिकाले सुरक्षित रूपमा कसरी मास्क लगाउने, फुकाल्ने र राख्ने तरिका जानेका छन् की छैनन् ।

- तपाईंको बालबालिकाले गम्भीर बिरामी हुने उच्च जोखिममा भएका अन्य व्यक्तिहरूसँग अन्तरक्रिया गरेका छन् की छैनन् । उदाहरणको लागि, वृद्ध र स्वास्थ्य समस्या भएका मानिसहरु ।मास्क लगाउने कारणले तपाईंको बालबालिकाको व्यक्तिगत सिकाइ र मनोवैज्ञानिक विकासमा हुन सक्ने सम्भावित प्रभावलाई पनि तपाईले विचार गर्नुपर्दछ । तपाईंको बालबालिकाका शिक्षकहरू वा चिकित्सा प्रदायकहरूसँग परामर्श गरेर यो विषयमा निर्णय लिनुहोस् ।

**१२ वर्ष र माथिका बालबालिका**

१२ वर्ष वा माथिका बालबालिकाले वयस्कहरूले जसरी नै मास्क लगाउनु पर्दछ। यसको अर्थ यदि तपाईंको क्षेत्रमा कोभिड १९ व्यापक रुपमा फैलिएको छ भने उनीहरुले सबै सार्वजनिक स्थानहरुमा मास्क लगाउनु पर्दछ, र: अरुबाट एक मिटरको भौतिक दूरी कायम राख्न गाह्रो छ भने (उदाहरणः भीडभाड भएको सार्वजनिक स्थानहरुमा), वाःउनीहरू भित्री सार्वजनिक ठाउँमा छन्। बालबालिका तथा मास्क प्रयोगको बारेमा विश्व स्वास्थ्य संगठन र युनिसेफको पछिल्लो मार्गदर्शनमा विभिन्न प्रकारका मास्कहरू र तपाईंको बालबालिकाले कुन लगाउनु पर्दछ

विभिन्न किसिमका मास्कहरू उपलब्ध छन् र कुन प्रकारको मास्क तपाईंको बालबालिकाले लगाउनुपर्दछ भनेर बुझ्नु महत्वपूर्ण छ।

**कपडाको मास्क**

गैह्र चिकित्सकीय मास्कको रूपमा पनि चिनिने कपडाको मास्कहरू प्रायः कपासले बनेका हुन्छन्। तिनीहरू विभिन्न शैली र रंगहरूमा आउँदछन् र तिनीहरुलाई धुन र पुनः प्रयोग गर्न सकिन्छ। प्रभावकारी हुनको लागि, तिनीहरूलाई कम्तीमा कपडाको तीन तहको बनाउनु पर्दछ।

बालबालिकासहित धेरै व्यक्तिहरुलाई यस प्रकारको मास्क लगाउन विश्व स्वास्थ्य संगठन (थकज)सिफारिस गर्दछ ।

कपडाको मास्कलाई प्रत्येक प्रयोगपछि साबुन वा डिटर्जेन्टको प्रयोग गरी तातो पानीमा दैनिक रुपमा धुनु पर्दछ। यसरी धोएपछि, मास्कलाई पुनः प्रयोग गर्नुअघि पूर्ण रूपमा सुक्न दिनुहोस् । कपडाको मास्क महँगो पर्न सक्दछ, तर तपाईं आफैले आफ्नै घरमा बनाउन सक्नुहुन्छ।

**मेडिकल मास्क**

सर्जिकल मास्क भनेर पनि चिनिने मेडिकल मास्क नबुनिएका कपडाबाट बनेको हुन्छ । यी सामान्यतया तीन तहका हुन्छन् र स्वास्थ्यकर्मीहरूको लागि डिजाइन गरिएका हुन्छन् । विश्वव्यापी महामारीको कारण मेडिकल मास्कहरुको आपूर्ति कम भइरहेको छ । त्यसैल केही समूहले मात्र यस्तो प्रकारको मास्क लगाउनु पर्दछ भनेर विश्व स्वास्थ्य संगठनले सिफारिस गर्दछ । यसमा स्वास्थ्यकर्मीहरू, ६० वर्ष भन्दा बढि उमेरका, अन्तर्निहित स्वास्थ्य समस्या भएका, कोभिड १९ भएका व्यक्तिको हेरचाह गर्ने र कोभिड १९ को लक्षण भएका वा वा पुष्टि भएका वा संक्रमित व्यक्तिहरू पर्दछन्।यसको अर्थ अन्तर्निहित स्वास्थ्य समस्या भएको र कोभिड १९ को लक्षणहरू वा पुष्टि भएको, वा जो कोही बिरामीहरुको नजिक छन् भने मात्रै बालबालिकाले यस प्रकारको मास्क लगाउनु पदर्छ ।मेडिकल मास्कहरू धुन योग्य वा पुनः प्रयोग गर्न योग्य हुँदैनन् र आठ घण्टाको निरन्तर प्रयोगपछि सुरक्षित रुपमा फाल्नुपर्दछ ।

**बालबालिकाले सहि तरिकाले मास्क लगाएको सुनिश्चित गर्ने-** धेरै मास्क वयस्कहरूको लागि डिजाइन गरिएका हुन्छन् र बालबालिकालाई ठीकसँग मिल्दैन। तपाईं आफ्नो बालबालिकाको लागि मास्क किन्दै वा बनाउँदै हुनुहुन्छ, भने, यी कुरा निश्चित गर्नुहोसः

- तपाईंको बालबालिकाको मास्कले उनीहरूको मुख, नाक र चिउँडो छोप्नुपर्दछ, र छेउमा कुनै खाली ठाउँ हुनुहुँदैन र उनीहरूको आँखाको दृष्टिलाई छेकेको हुनुहुँदैन ।

- तपाईंको बालबालिकाले मास्क लगाएर छिटो छिटो हिँड्दा र कुरा गर्दा आरामसँग सास फेर्न सक्नुपर्छ ।

- तपाईंको बालबालिकाले मास्क लगाउनुअघि र त्यसलाई हटाएपछि साबुन र पानीले हात धुनुपर्दछ भनेर थाहा पाउनुपर्छ ।

- आफ्ना बालबालिकालाई मास्क लगाउँदा निरन्तर उनीहरूको हात धुन र अरूबाट टाढा बस्न सिकाउनुहोस्।

मास्कले मात्र कोभिड १९ को संक्रमण र प्रसारण रोक्ने छैन । मास्कको प्रयोगसँगै बच्ने अरु उपायहरुसंयुक्त रुपमा प्रयोग गरे पछि मात्र यो प्रभावकारी हुन्छ।

तपाईंको बालबालिकालाई मास्क लगाउँदा उनीहरुले निरन्तर पालना गर्नुपर्ने उपायबारे जानकारी भएको सुनिश्चित गर्नुहोसः

- उनीहरूले कम्तीमा ४०-६० सेकेण्डसम्म बारम्बार साबुन र पानीले वा २०- ३० सेकेन्डसम्म अल्कोहल भएको सामग्रीको प्रयोग गरी हात धुने् ।

- अन्य व्यक्तिहरुबाट कम्तिमा एक मिटर दूरी कायम राख्ने र भीड भएको ठाउँहरूबाट टाढा रहने ।

- खराब भेन्टिलेसन भएको भित्री स्थानहरु (इनडोर) बाट टाढा रहने ।

तपाईं बाहिर भएको समयमा मास्क भण्डार गर्न सकिने झोला साथमा राख्नुहोस् ।

यदि तपाईं र तपाईंको परिवारले मास्क खोल्ने र तथा दिनको समयमा पुनः प्रयोग गर्ने योजना बनाएको छ भने, तिनीहरूलाई भण्डार गर्न सफा र पुनः सिल गर्न मिल्ने झोला बोक्नुहोस्। यहाँ केहि सुझावहरू छनः

- तपाईंको परिवारमा प्रत्येक मास्कको लागि छुट्टाछुट्टै झोला प्रयोग गर्नुहोस्।

- झोलामा मास्क छिराउँदा वा निकाल्दा, यसलाई इलास्टिक लुप वा डोरीमा समाउनुहोस्।

- मास्कको सतहमा नछुनुहोस्।

- मास्क फेरि लगाउनु अघि हात धुनु नबिर्सनुहोस्।

मास्कको विषयमाः गर्न नहुने यी ६ वटा साधारण गल्तीहरू नगर्नुहोस्ः

तपाईंको बालबालिकालाई मानिसहरूले मास्क लगाउँदा बारम्बार गर्ने यी ६ वटा साधारण गल्तीहरू पहिचान गर्न सक्दछन् की सक्दैनन् भनेर सोध्नुहोस् । (उत्तर तल छन्)

- मास्कलाई नाकमुनि नतान्नुहोस्।

- आफ्नो चिउँडो खुला नछोड्नुहोस्।

-आफ्नो चिउँडो मुनि मास्क नतान्नुहोस्।

- माक्स लगाउँदा त्यसलाई नछुनुहोस्।

- खुकुलो मास्क नलगाउनुहोस्।

- फोहोर, बिग्रिएको वा भिजेको मास्क नलगाउनुहोस्। एक जनाले लगाएको मास्क अर्कोले नलगाउनुहोस् । एक जनाले लगाएको मास्क अर्कोले लगाउँदा भाइरस सर्न सक्छ। तपाईंको बालबालिकासँग आफ्नै मास्क भएको र अरूसँग मास्क नसाटेको सुनिश्चित गर्नुहोस् , व्यायाम गर्दा मास्क नलगाउनुहोस् , बालबालिकाले (र वयस्कहरू) खेल्दा वा व्यायाम गर्दा मास्क लगाउनु हुँदैन। पसिनाले मास्कलाई भिजाउन सक्छ र सास फेर्न गाह्रो हुनुका साथै कीटाणुहरूको वृद्धि सजिलो हुन्छ।, तपाईंका बालबालिकालाई घर वा बाहिरका लागि मास्कको आवश्यक नपर्ने गरि अरूबाट सुरक्षित शारीरिक दूरी कायम गर्न सकिने व्यायाम गर्नको लागि ठाउँ छनौट गर्नुहोस्।

**बालबालिकालाई मास्क लगाउन कसरी प्रोत्साहित गर्ने?**

कोभिड १९ ले संसारभर नै तनाव, चिन्ता र कठिनाइ सिर्जना गरी पारिवारिक जीवनलाई उदास बनाएको छ। धेरै बालबालिकाको लागि मास्कले यस्तो भावनाहरुलाई थप्न सक्छ। विशेष गरी, ससाना बालबालिकाको लागि, मास्क लगाउनु अचम्म र रीस उठ्दो हुन सक्दछ। तपाईंको परिवारमा मास्कलाई चिनाउन सहयोग पुआयाउने केहि उपायहरू तल उल्लेख गरिएका छनः

- इमानदार र सहयोगी हुनुहोस्। मास्क हामीमध्ये कसैको लागि अति रमाइलो बस्तु होइन भनेर पहिचान गर्नुहोस्। तर मास्क लगाएर हामीले बृद्ध मानिसहरुसहित आफू वरपरका मानिसहरूलाई कसरी सुरक्षित राख्न मद्दत गर्न सक्दछौं भनेर वर्णन गर्नुहोस् । मास्क लगाउनुले हामी एक अर्काको ख्याल राख्दछौं भनेर देखाउँदछ ।

- कोभिड १९ लाई रोक्न कठिन मेहनत गर्ने धेरै विशेषज्ञहरू छन् तर उनीहरुलाई हाम्रो मद्दत चाहिन्छ । यसका लागि हामीले हरेक प्रकारको सावधानी अपनाउनुपर्दछ भनेर उनीहरूलाई सम्झाउनुहोस् ।

-मास्क लगाउने बानी विस्तारै विकास हुँदैछ। त्यसैले, बालबालिकालाई नियमित रुपमा सम्झाइरहनुहोस् र तपाईंको आफ्नै व्यवहारलाई उदाहरण बनाउनुहोस्।

-मास्कलाई रमाइलो बनाउनुहोस्। एउटा मास्क वा कपडा छान्ने कामलाई रमाइलो बनाउने प्रयास गर्नुहोस् र तपाईंको बालबालिकालाई यो रमाइलोमा सकेसम्म संलग्न गराउनुहोस्। याद गर्नुहोस्, तपाईंका बालबालिकाले उनीहरूको मास्कको रूप र डिजाइन जति मन पराउँछन्, तपाईं वरिपरि नहुँदा पनि उनीहरूले माक्स लगाउने सम्भावना त्यति बढी हुन्छ। (यूएनआईसीईएफ)

# मुख्यमन्त्रीद्वारा स्टेच्यू अफ यूनिटीको भ्रमण



**गान्तोक।**

गुजरात राज्यमा भ्रमणको क्रममा मुख्यमन्त्री प्रेमसिंह तामाङ (गोले)-ले ४ अप्रेलको दिन नर्वदा जिल्लाको केवाडियामा नर्मदा नदीको किनारमा अवस्थित विश्वको सर्वोच्च प्रतिमा स्टेच्यू अफ यूनिटीको भ्रमण गर्नुभयो। स्टेच्यू आफ यूनिटी देशका प्रथम गृह मन्त्री स्व. वल्लव भाई पटेलको विशालकाया प्रतिमा हो, जसको उच्चाइ १८२ मिटर रहेको छ। मुख्यमन्त्री तामाङले लोहा पुरुष पटेलको चरणमा खदा चड़ाएर श्रद्धाजलि अर्पण गर्नुभयो।

उल्लेखनीय छ, मुख्यमन्त्री तामाङ मन्त्रीमण्डलका सदस्यहरू, विधायकगण साथै विद्यार्थीहरूको एउटा जम्बो टोलीको साथ आजादी का अमृत महोत्सवको अवसरमा आयोजित डाण्डी यात्रामा सहभागिता जनाउन सुरत जानुभएको थियो। सो दिन मुख्यमन्त्री तामाङको साथमा आएका प्रतिनिधि टोलीले पनि स्टेच्यू आफ यूनिटीको भ्रमण गरे।

## सिक्किममा भुइचालोको झट्का महसुस

**गान्तोक।**

सिक्किममा ५ अप्रेलको बेलुकी भुइँचालोको कड़ा झट्का महसुस गरियो। भारत मौसम विज्ञान विभागका निदेशक डा. गोपीनाथ राहले दिनुभएको जानकारीअनुसार भुइँचालोको तिव्रता (मेग्निट्युट) ५.४ रहेको थियो भने यसको केन्द्र सिक्किम-नेपाल सीमाना क्षेत्रमा रहेको थियो। भारतीय मानक समयअनुसार उक्त बेलुकी आठ बजेर उन्चास मिनट अनि अन्ठाउन सेकेन्टमा भुइँचालोको झट्का मसहुस गरियो। ६ अप्रेलको बिहान सात बजेर सात मिनट अनि दुई सेकेन्टमा पनि ४.१ तिव्रताको भुइँचालोको झट्का महसुस गरियो। यसको केन्द्र पश्चिम बङ्गालको पूर्वी सिलगढ़ीस्थित जलपाइगढ़ीमा रहेको थियो। यसपछि फेरी दश बजेर चौंवालीस मिनट अनि पैंतीस सेकेण्डमा ३.७ तिव्रताको भुइँचालोको झट्का महसुस गरियो। राज्य आपदा प्रबन्धन नियन्त्रण कक्ष, गान्तोकले राज्यको चारै जिल्लाका जिल्लापालबाट लिएको जानकारीअनुसार अहिलेसम्म कुनै क्षति भएको छैन।

यस अवधिमा आधिकारिक भ्रमणमा राज्य बाहिर रहनुभएका मुख्यमन्त्री प्रेमसिंह तामाङले आफ्नो आधिकारिक सोस्यल मिडिया पेजमार्फत आफूले अवस्थाको निरन्तर रूपमा आकलन गरिरहेको अनि प्रधानमन्त्री नरेन्द्र मोदीले वर्तमान अवस्थाको जानकारी लिने आग्रह गरेको कुरा बताउनुभयो। उहाँले राज्यवासीसित शान्त रहन अपील गर्नुहुँदै अफवाहमाथि विश्वास नगर्न अनि आवश्यक परेमा एकाअर्का तथा पर्यटकहरूलाई सहयोग गर्न आग्रह गर्नुभएको छ।

# अन्तर-विद्यालय तर्क प्रतियोगिता सम्पन्न



**गान्तोक।**

राजधानीको मनन् केन्द्रमा ७ अप्रेलको दिन तामाङ भाषामा अन्तर-विद्यालय वाद-विवाद प्रतियोगिताको फाइनल चरण सम्पन्न भयो। आजको वाद-विवादको विषय थियो 'शिक्षण प्रणालीमा मातृभाषाको प्रयोगले मात्र सर्वाङ्गीण विकास गर्न सकिन्छ/सकिँदैन' अनि यो तर्क प्रतियोगिताको आयोजना शिक्षा विभागको भाषा प्रभागसितको सहकार्यमा सिक्किम अकादमीले गरेको थियो। कार्यक्रममा पद्मश्री जीएस लामा मुख्य अतिथि रहनुभएको कार्यक्रममा संस्कृति विभागकी सचिव शेराप शेङ्गा, सिक्किम अकादमी सभापति एसआर सुब्बा, नेपाली साहित्य परिषद सभापति रुद्र पौड्याल, सिक्किम तामाङ बौद्ध सङ्घका पूर्व सभापति कुमार योञ्जन, वर्तमान महासचिव अदीप तामाङ, अवकाशप्राप्त सचिव हेम छेत्री, विभिन्न विभागका अनि संस्कृति विभागका अधिकारीहरू र विभिन्न विद्यालयका विद्यार्थी र शिक्षकवर्गको पनि उपस्थिति रहेको थियो।

तामाङ भाषा बोर्ड चेयरमेन नोर्बु दुम्जोङ, सिविस उपनिदेशक सुमित्रा दोङ, सूचना एवं जनसम्पर्क विभागका तामाङ भाषा सहसम्पादक निमा तामाङ आदि निर्णायक मण्डलीमा रहनुभएको थियो। अन्तिम तर्क प्रतियोगिता सालघारी मावि (पक्षमा) र मणिराम मावि (विपक्षमा)-माझ चल्यो। दुवै विद्यालय दक्षिण सिक्किमका हुन्। दुईमध्ये सालघारी माध्यमिक विद्यालयलाई विजयी घोषित गरियो।

यस अवसरमा फूर्मित लेप्चा (मणिराम माबि)-लाई स्मृति चिन्ह र नगद राशिसितै उत्कृष्ट वक्ता पुरस्कार प्रदान गरियो। सबै विद्यार्थीहरूलाई प्रशंसा-पत्र र ट्रफी पनि प्रदान गरियो।

मुख्य अतिथिले अन्तिम राउण्डसम्म पुग्ने विद्यालयलाई बधाई दिँदै तर्क प्रतियोगिता पनि शैक्षिक गतिविधिमध्ये एक रहेको बताउनुभयो। यसले विद्यार्थीहरूलाई आफ्नो मत प्रकट गर्ने रचनात्मक कौशल प्रदान गर्ने, आत्मविश्वास, ज्ञान र क्षमता बढ्ने मुख्य अतिथिले बताउनुभयो। कार्यक्रमका मुख्य अतिथि पद्मश्री लामाले भाषालाई सञ्चारको महत अंश बताउनुभयो अनि विद्यार्थीहरूले आफ्नो सम्भावना र वक्तृत्व कला पूर्ण समर्पण र जोशका साथ प्रस्तुत गरेर कार्यक्रमलाई जीवन्त बनाइदिएको बताउनुभयो।

## सप्ताहव्यापी विशेष अभियान कार्यक्रमको समापन

**राभाङला।**

क्युजिङ वरिष्ठ माध्यमिक विद्यालयमा ३१ मार्चदेखि शुरू भएको राष्ट्रिय सेवा योजना (एनएसएस)-को सप्ताहव्यापी विशेष अभियान कार्यक्रमको समापन ६ अप्रेलका दिन भयो। विद्यालय प्रबन्धन समिति सभापति छिडुप छिरिङ भोटियाद्वारा उदघाटन गरिएको शिविरमा स्रोतवक्ताहरूले विभिन्न विषयमाथि अवगत गराए। यस अवसरमा भारत ज्योति पुरस्कारद्वारा सम्मानित विकास प्रधान, राष्ट्रिय प्रेरणा दुत पुरस्कारले सम्मानित कृष्णबहादुर छेत्री, नामथाङको ग्रिनफिल्ड निम्न माध्यमिक विद्यालयका प्रधानाध्यापक एमबी सुब्बा, नामथाङ जिल्ला पञ्चायत सदस्य यदुनाथ मिश्र, भारत उत्कृष्टता पुरस्कार प्रापक सोमबहादुर सुब्बा तथा रेड रिबन क्लब कार्यक्रम समन्वयक किशोर बानियाँ स्रोतवक्ताको रूपमा रहेका थिए।

शिविर अवधिमा विशेषगरी विद्यालयमा फूल उद्यान, बार, जैविक कृषि तथा विद्यालय परिसर, क्युजिङ बजार र गुम्पा क्षेत्रको सरसफाई जस्ता गतिविधिहरू गरिए। यसका साथै चित्रकला, सांगितिक कार्यक्रम, बर्न फायर आदि पनि कार्यक्रमका अन्य गतिविधिहरू थिए। यस अवसरमा राखिएको फोटोग्राफी प्रतियोगितामा पिस्किला शेर्पा प्रथम, रिञ्छेन दावा शेर्पा दोस्रो अनि शान्ति राई तेस्रो बने। प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो हुने प्रतिभागीका निम्ति एनटी लक्समले पुरस्कारको प्रायोजना गरेका थिए।

यसरी नै शिविरको समापन समारोहमा खाद्य सुरक्षा बोर्ड अध्यक्ष डा. एसके राई मुख्य अतिथि रहनुभएको थियो भने औषधीय बोर्डकी सल्लाहकार दिछेन भोटिया, शिक्षा विभागका सहायक निदेशक डेनी भोटिया, विद्यालय प्रबन्धन समिति सभापति सीडी भोटिया लगायत अन्यको उपस्थिति रहेको थियो। समापन समारोहमा अत्मनिर्भर भारत अनि पोषण माहलाई पनि समावेश गरिएको थियो। एनएसएस स्वयंसेवी गंगा दर्जीले उत्कृष्ट स्वयंसेवी अनि शान्ति राईले अनुशासित स्वयंसेवी पुरस्कार प्राप्त गरे।

## ए डिभीजन लिगमा अन्तर्राष्ट्रिय अतिथि दल र कोलकाताको सर्वोच्च क्रिकेट क्लब आमन्त्रित

**गान्तोक।**

राज्यको क्रिकेट गुणस्तरीयतामा सुधार गर्न सिक्किम क्रिकेट संगठन (सिका)-ले अन्तर जिल्ला क्रिकेट क्लबको पूर्ण सञ्चालनका साथमा अन्य विविध तरीकाहरू पनि अप्नाइरहेको छ। सिकाले ३ डिभिजन क्लब प्रतियोगिता प्रारम्भ गरेको मात्र होइन, अन्तरराष्ट्रिय क्लब र कोलकाताको टप क्लबहरूलाई निमन्त्रणा दिएको छ। राज्यका दलका खेलाड़ीहरूलाई सर्वोच्च गुणवत्ता दलसित परिचित हुने अवसरको खाँचो रहेको कुरा राज्यमा क्रिकेट खेलको शुभारम्भ गरिएदेखि यताको अवलोकनबाट थाहा लागेको सिकाले बताएको छ। सिका-का सभापति लोब्जाङ जी छिरिङले यस सङ्गठनको ठोस उद्देश्य पूर्तिको निम्ति राज्यका खेलाड़ीहरूलाई टप क्वालिटीका क्रिकेटसमक्ष प्रस्तुत हुने अवसर प्रदान गरी तिनीहरूमा क्रिकेट खेलको गुणवत्ता विकास गर्नसकिने अपेक्षा गर्नुभएको छ। भारतका अन्य भागबाट क्वालिटी दलहरू साथै अन्तरराष्ट्रिय दललाई निम्त्याउनु आर्थिक रूपमा चुनौती भए पनि यो परियोजनाले उपकरण र फिल्ड प्रदर्शनीमा पनि यहाँका खेलाड़ीहरूलाई सहयोग उपलब्ध गराउने उहाँले आशा राख्नुभएको छ। त्यसरी नै बीसीसीआई-ले गेस्ट प्लेयर्सको प्रावधान राखेको छ। स्थानीय खेलाड़ी प्रतिभाहरूलाई अभ्यासका साथ कौशल विकासमा सहयोग पुऱ्याइनेछ।

फाइनल राउण्डको निम्ति क्वालिफाई हुन, गैर-योग्यता रहेको अतिथि दलको क्षमतामा अतिथि दलले डिभिजन ए-मा मात्र खेल्दैछ ता कि स्थानीय दलका युवावर्गलाई अधिकतम अवसर सुनिश्चित हुनसकोस्। अतिथि खेलाड़ीहरूको निम्ति- आउँदो सत्रदेखि केवल ए र बी डिभीजनका क्लबहरूले मात्र अतिथि खेलाड़ी झिकाउन सक्नेछ भने सी डिभीजनमा सबैजना सिक्किमकै खेलाड़ी हुनुपर्ने प्रावधान छ। सिक्किम दलमा सहभागिता मात्रै नहेरेर भविष्यमा सिक्किम दल कुनै पनि प्रतिस्पर्धीको निम्ति सबैभन्दा कठिन प्रतिद्वन्द्वी बनोस् भन्ने सिकाका सभापति लोब्जाङ छिरिङले परिकल्पना गर्नुभएको छ।

## विश्व स्वास्थ्य दिवस पालन

**गेजिङ।**

७ अप्रेलको दिन गेजिङको जिल्ला पञ्चायत भवनमा विश्व स्वास्थ्य दिवस पालन गरियो। टीबीबीटी आद्रा इण्डिया, जिल्ला प्रशासन र नेहरू युवा केन्द्रको संयुक्त आयोजनामा सम्पन्न कार्यक्रममा अतिरिक्त जिल्लापाल अग्वाने रोहन रमेश मुख्य अतिथि रहनुभएको थियो। उहाँको साथमा नेहरू युवा केन्द्रका जिल्ला समन्वयक देव नेपाल, टीबीबीटी-का राज्यस्तरीय समन्वक अरूणा लामा याल्मो, समन्वयक पश्चिम जिल्ला चन्द्र डेका लगायत अन्यको उपस्थिति रहेको थियो।

समारोहमा आद्रा इण्डियाका प्रतिनिधि टोलीद्वारा मुख्यमन्त्रीद्वारा गत वर्षको अक्टोबर महिनामा शुभारम्भ गरिएको द बड्स एण्ड बीस टल्क नामक कार्यक्रमको विस्तृत जानकारी गराइयो। यस संस्थाले विशेषगरी स्वास्थ्य सम्बन्धि विविध शिक्षा अनि यौन शिक्षा आदिमाथि प्रमुखताका साथ काम गरिरहेको छ। कार्यक्रममा विभिन्न महाविद्यालयबाट उपस्थित विद्यार्थीहरूलाई सम्बोधित गर्दै उहाँले स्वास्थ्यको क्षेत्रमा जोड़ दिनुपर्ने खाँचोमाथि अवगत गराउनुभयो। संस्थाले विशेष रूपमा किशोरीहरूलाई केन्द्र गरेर काम गर्ने गर्दछ। मुख्य अतिथि रमेशले स्वास्थ्यको सम्बन्धमा आफूमात्र जानकार रहनु होइन तर सबैलाई सचेत गराउनुपर्ने कुरा बताउनुभयो।

सिक्किम सरकारको सूचना तथा जन-सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
S.G.P.G - 371 / Nepali Herald 2500 Cps. 08. 04 2021